# काठमाडौँ महानगरपालिका
## नगर सभाको १९औं अधिवेशन
## कार्यवाहक प्रमुख सुनिता डंगोलज्यूले पेश गर्नुभएको आर्थिक वर्ष २०८३।८४ को वजेट बक्तव्य

काठमाडौं महानगरपालिका नगर सभा १९औं अधिवेशनको तेस्रो बैठकका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, काठमाडौं महानगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न क्षेत्रको प्रतिनिधित्व गरी नगरसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, सांकेतिक भाषाको माध्यमबाट र अन्य माध्यमबाट यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने सञ्चारकर्मी महानुभावहरु, स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस बैठकमा अगामी आर्थिक वर्ष २०८३।८४ को लागि कार्यक्रम तथा वजेट, आर्थिक विधेयक र विनियोजन विधेयक पेश गर्न गइरहेको छु ।

**नगर सभा सदस्यज्यूहरु,**

संघीय नेपालको तीन तहको सरकारमध्ये स्थानीय सरकार जनताको निकटको सरकार हो । जनताका दैनन्दिनका समस्याहरु सम्बोधन गर्ने स्थानीय सरकारको हैसियतले काठमाडौं महानगरपालिकाले नगर सभामा पेश गर्ने नीति, कार्यक्रम तथा बजेटले स्थानीय स्वायत्तता र सबलतालाई सुदृढ गर्ने परिकल्पना गरिएको छ । काठमाडौं महानगरपालिकाको प्रमुख पदमा निर्वाचित भई स्थानीय सरकारको प्रमुखको भूमिका निर्वाह गरिसक्नु भएका सम्माननीय बालेन्द्र शाह देशको प्रधानमन्त्री हुँदा समग्र स्थानीय सरकार र काठमाडौं महानगरपालिकाको लागि थप उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ ।

**नगर सभा सदस्यज्यूहरु,**

काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०८३।८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगर सभामा प्रस्तुत भएको आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्षको लागि तय गरेको मार्गचित्र समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, वजेट तर्जुमा समिति, राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझाव समेतलाई आधार मानिएको छ ।

नेपालको संविधान जारी भएपश्चात् राज्यको शासकीय संरचना तीन तहको सरकारबाट सञ्चालित छ । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारको रुपमा काठमाडौं महानगरपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्दै आएको छ । यस सम्मानित सभामा बजेट तथा कार्यक्रमको साथै आर्थिक र विनियोजन विधेयक समेत पेश हुने भएकाले उक्त विधेयकहरुमा आम्दानी तथा खर्चको विषयहरु विस्तृत रुपमा प्रस्तावित छन् । उक्त व्यवस्थाहरुमाथि यस सभामा गहन छलफल, परामर्श भई निष्कर्षमा पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

**नगर सभा सदस्यज्यूहरु,**

अव म यस गरिमामय सभामा अगामी आर्थिक वर्ष २०८३।०८४ को वजेट प्रस्तुत गर्नुपूर्व चालु आर्थिक वर्षको वजेट कार्यान्वयन सम्वन्धमा संक्षिप्त प्रकाश पार्न चाहन्छु ।

नगरसभाको १७औं तथा १८औं अधिवेशनले सञ्चित कोषमा जम्मा हुने रकमवाट चालू आर्थिक वर्ष २०८२।८३ का लागि रु.२५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैयाको बजेट पारित गरेको थियो । बजेट कार्यान्वयनका लागि आन्तरिक तथा बैक मौज्दात गरी कुल २० अरव १२ करोड ६४ लाख रुपैयाँको स्रोत व्यवस्थापन हुने र नेपाल सरकार र प्रदेश सरकार शसर्त, समानीकरण, राजश्व बाँडफाँडवाट प्राप्त हुने अनुदान ४ अरव ९८ करोड ७९ लाख ४१ हजार रुपैया प्राप्त हुने अनुमान थियो ।

चालु आर्थिक वर्ष २०८२।८३ मा घटित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरुका बावजुद वजेट कार्यान्वयनतर्फ हेर्दा कुल बजेट रु.२५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैया मध्ये जेठ मसान्तसम्ममा कुल खर्च जम्मा रु.११ अरब २९ करोड २९ लाख ३८ हजार रुपैया भएको छ । जुन कुल वजेटको ४५ प्रतिशत हुन आँउछ । जसमा पूँजीगत खर्चतर्फ रु.५ अरब ५२ करोड ६८ लाख १९ हजार रुपैया रहेको छ । यो विनियोजित वजेटको ३५.५९ प्रतिशत हो । चालू खर्चतर्फ रु.९ अरब ५२ करोड ३० लाख ५९ हजार रुपैया विनियोजन भएकोमा रु.५ अरब ७२ करोड ६१ लाख १८ हजार रुपैया खर्च भएको छ, यो अंक कुल वजेटको ६०.१३ प्रतिशत हो ।

वजेट कार्यान्वयनको क्षेत्रगत विश्लेषण गर्दा आर्थिक विकास क्षेत्रतर्फ कुल रु.६९ करोड ४९ लाख ८१ हजार विनियोजन भएकोमा त्यसको २३.४ प्रतिशत खर्च भएको छ। त्यसैगरी, सामाजिक क्षेत्रतर्फ कुल विनियोजित रकम रु.६ अरव ३० करोड ९५ लाख ५३ हजार रुपैयामा ४१.३८ प्रतिशत खर्च भएको देखिएको छ। पूर्वाधार क्षेत्रमा कुल विनियोजित रकम रु.११ अरव ४१ करोड ७ लाख ६९ हजार रुपैयामा ४३.६५ प्रतिशत रकम खर्च भएको छ । त्यसैगरी सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा कुल विनियोजित रकम रु.३ अरव ४४ करोड ६ लाख ६६ हजार रुपैयाको २३.८४ प्रतिशत रकम खर्च भएको छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ कुल विनियोजन भएको रकम रु.३ अरव २५ करोड ८३ लाख ७० हजार रुपैयाको ८३.४२ प्रतिशत रकम खर्च भएको छ । असार मसान्तसम्ममा चालु आर्थिक वर्षको भौतिक तथा वित्तिय प्रगति उत्साहजनक हुने अपेक्षा गरिएको छ ।

चालु आर्थिक वर्षमा स्थानीय स्रोत तथा साधनको सन्तुलित र समन्यायिक ढंगले परिचालन गर्दा आर्थिक असमानता र गरिवी न्यूनीकरण गर्ने, सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकासमार्फत साँस्कृतिक सहर, समृद्ध महानगरको लक्ष्य हालिस गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

राजश्व आम्दानीतर्फ आन्तरिक राजस्व असुलीको लक्ष्य रु.१० अरब १२ करोड ६४ लाख रुपैया सहित चालू आर्थिक वर्षमा जम्मा रु. १५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैयाको लक्ष्य निर्धारण गरिएको थियो । त्यसमध्ये जेठ मसान्तसम्ममा कुल रु. ९ अरब ६९ करोड ९९ लाख २२ हजार रुपैया राजश्व संकलन भएको छ। जसमध्ये आन्तरिक आय अन्तर्गत रु.५ अरब ५० करोड ८८ लाख २२ हजार रुपैँया रहेको छ । समग्र प्रतिशतमा हेर्ने हो भने कुल आम्दानीको लक्ष्य अनुसार प्रगति ६४.१७ प्रतिशत हुन आउँछ। आन्तरिकतर्फ कुल लक्ष्यको ५४.४० प्रतिशत प्रगति भएको देखिन्छ ।

चालू आर्थिक वर्षमा संघ र प्रदेशको राजश्व वाँडफाँडवाट लक्ष्यको ७६.०९ प्रतिशत राजश्व प्राप्त भएको छ भने आन्तरिक अनुदान (समानीकरण र शसर्त) मा लक्ष्यको ९२.०४ प्रतिशत रकम अनुदान मार्फत प्राप्त भएको छ। असार मसान्तभित्रमा राजश्व संकलनमा समेत उल्लेखनीय अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

**नगर सभा सदस्यज्यूहरु,**

काठमाडौं महानगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न रु २५ अरब १३ करोड ३० लाख ५५ हजार रुपैया सञ्चितकोषमा व्ययभार पर्ने र ७५ करोड रुपैया अन्य वाह्य व्ययभार हुने गरी कुल रु.२५ अरव ८८ करोड ३० लाख ५५ हजार रुपैयाको अनुमानित बजेट पेश गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षको लागि सन्चित कोषमा २५ अरब १३ करोड ३० लाख ५५ हजार रुपैया जम्मा हुने अनुमान गरिएको छ । जसमध्ये काठमाडौं महानगरपालिकाको आन्तरिक आय र बैंक मौज्दात गरी कुल २० अरव १८ करोड ६३ लाख २९ हजार रुपैयाँको स्रोत व्यवस्थापन हुने अनुमान गरिएको छ भने नेपाल सरकार तथा प्रदेश सरकारवाट शसर्त, समानीकरण, राजश्व वाँडफाँडवाट प्राप्त हुने अनुदान ४ अरव ९३ करोड ६७ लाख २६ हजार रुपैयाको स्रोत अनुमान गरिएको छ । त्यसैगरी जनसहभागिता वापत रु १ करोडको श्रोत प्राप्त हुने अनुमान गरिएको छ ।

क्षेत्रगत रुपमा हेर्दा प्रस्तुत वजेट तथा कार्यक्रम अन्तर्गत आर्थिक विकास क्षेत्रमा कुल वजेटको २.१ प्रतिशत अर्थात् ५४ करोड १८ लाख २० हजार रुपैयाँ प्रस्ताव गरिएको छ । सामाजिक विकास क्षेत्रमा ९.६ प्रतिशत अर्थात् २ अरव ४२ करोड २७ लाख ३१ हजार रुपैया प्रस्ताव गरिएको छ। पूर्वाधार विकास क्षेत्रतर्फ ६१ प्रतिशत अर्थात् १५ अरव ३१ करोड ६७ लाख ४८ हजार रुपैयाँ रहेको छ। सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रतर्फ ८.५ प्रतिशत अर्थात् २ अरव १३ करोड ४७ लाख ९२ हजार प्रस्ताव गरिएको छ त्यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ १८.८ प्रतिशत अर्थात् ४ अरव ७१ करोड ६९ लाख ६४ हजार रुपैया प्रस्ताव गरिएको छ ।

आगामी आर्थिक वर्षमा काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका पूर्वाधार योजनाहरुलाई उच्च प्रथामिकतामा राखिएको छ । फोहरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार, सुशासन प्रवर्धन, शहरी स्वास्थ्य प्रवर्धन केन्द्रको क्षमता वृद्धि, एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आय वृद्धी गर्ने कार्यक्रमहरुलाई उच्च प्राथामिकतामा राखिएको छ । त्यसैगरी काठमाडौँ महानगरपालिका क्षेत्रभित्र प्रदुषण कम गर्ने, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने, महानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्व बोकेका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, वहाः वही, ननी लगायतका सम्पदा स्थलहरुको संरक्षण कार्य एवम् मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण र प्रवर्धनमा समेत आवश्यक वजेट व्यवस्थापन गरिएको छ ।

आगामी आर्थिक वर्षमा युवा केन्द्रीत स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि १० करोड रुपैया विनियोजन गरिएको छ । त्यसैगरी नवयुवा सहकार्य र Earn While You learn कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । जेन्जी सहिद तथा अमर प्रहरीको नामावली सहितको स्मारक निर्माण गर्न बजेट व्यवस्था गरिएको छ ।

अपाङ्गता भएका व्यक्ति, अशक्त तथा उमेरको कारण हिड्डुल गर्न नसक्ने महानगरवासीका लागि सम्बन्धित निकायसँग समन्वय गरी घरघर मै नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ । महानगर पोषण भत्ता कार्यक्रमका लागि १६ करोड रुपैया विनियोजन गरिएको छ ।

बहालमा लिएदिएको घरजग्गाको विवरण दर्ता प्रक्रियालाई सरल र सहज बनाउने कार्यक्रम, एकीकृत करदाता परिचय पत्र कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । करदातालाई शहरी स्वास्थ्य प्रवर्धन केन्द्रमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । महानगरवासीहरुले मालपोत तथा नापी कार्यालयबाट प्राप्त गरी आएका भूमी व्यवस्थापन सेवा स्थानीयस्तरबाटै उपलब्ध गराउने प्रबन्ध मिलाइएको छ ।

सामुहिक आवास निर्माणको लागि बहुवर्षिय योजना अन्तर्गत निर्माणको पहिलो वर्षको लागि ५ करोड विनियोजन गरिएको छ । स्ववासी समस्या समाधान गर्न विशेष कार्यक्रम सञ्चालनका लागि वित्तीय प्रबन्ध गरिएको छ ।

महानगर अस्पताल निर्माणको बहुवर्षिय योजना अन्तर्गत अस्पताल निर्माणको पहिलो वर्षका लागि ४ करोड रुपैया विनियोजन गरिएको छ । टोलटोलमा योगाभ्यास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । ज्येष्ठ नागरिक निमोनिया खोपको लागि १ करोड रुपैया विनियोजन गरिएको छ । क्यान्सर जस्ता असाध्य रोगहरुको निदानको लागि विशेष कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ । एकिकृत स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन केन्द्र स्थापनार्थ रु. २ करोड रकम विनियोजन गरिएको छ । निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

स्वनिगः विश्वविद्यालय स्थापनाको लागि कानुनी तथा आवश्यक व्यवस्थापकीय कार्य प्रारम्भ गर्न ५० लाख रुपैया छुट्याइएको छ । काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका निजी तथा सार्वजनिक भौतिक संरचनाहरुको विमा प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ । त्यसैगरी नगर-नगर साझेदारी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

रात्रिकालिन यातायात सेवा सञ्चालनलाई निरन्तरता दिन, पिउने पानीको लागि Water ATM र आवश्यक स्थानमा सार्वजनिक शौचालय व्यवस्थापनको लागि बजेट विनियोजन गरिएको छ । पशु वधशाला निर्माण गर्न तथा एग्रो पुलिङका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट छुट्याइएको छ ।

काठमाडौँमा अन्तर्राष्ट्रिय फिल्म फेस्टिबल आयोजना गर्नको लागि बजेट विनियोजन गरिएको छ । बागमती प्रदेश सरकारसँग समन्वय गरी काठमाडौँ महानगरपालिकालाई साँस्कृतिक सहर घोषणा गर्न आवश्यक प्रबन्ध गरिएको छ ।

काठमाडौ महानगरपालिका क्षेत्रभित्र विपद व्यवस्थापन कार्यलाई थप प्रभावकारी एवम् साधन स्रोत सम्पन्न गराउन बजेट  विनियोजन गरिएको छ । काठमाडौँ महानगरपालिका मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३, बढ्दो तापक्रमको प्रभाव न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइएको छ । नदी किनार तथा सार्वजनिक जग्गा संरक्षण गर्न तथा पार्क निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।  चराचुरुङ्गीको लागि पानीपात्र निर्माण गर्न बजेटको व्यवस्था गरिएको छ ।

प्लाष्टिक झोलामुक्त काठमाडौँको लागि वैकल्पिक झोला अभियान सञ्चालन गर्न आवश्यक रकम विनियोजन भएको छ ।

आगामी आर्थिक वर्षका लागि मुलतः वातावरण व्यवस्थापनका लागि १ अरब २२ करोड, शिक्षा तर्फ १ अरब ७१ करोड, सम्पदा संरक्षणका लागि २ अरब ५३ करोड, सामाजिक विकासमा ४९ करोड, पूर्वाधार विकासमा ५ अरब ४१ करोड, हरियाली प्रबर्धन गर्न ४३ करोड, सूचना प्रविधि तर्फ ४१ करोड, स्वास्थ्य सेवातर्फ ७० करोड र विपद् व्यवस्थापनका लागि ३६ करोड विनियोजन गरिएको छ ।

**नगर सभा सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्षका लागि काठमाडौं महानगरपालिकाले आन्तरिक आयतर्फ निर्धारित लक्ष्य अनुसारको प्रगति हासिल गर्न तथा राजश्व असुलीलाई प्रभावकारी वनाउन व्यवसाय करमा नयाँ करदाता पहिचान गर्ने, करदातालाई व्यवसाय/कारोवारस्थलमा नै गई समन्वय तथा सहजीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ ।

त्यसैगरी आगामी आर्थिक वर्ष २०८३।८४ मा करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन असोज मसान्तभित्र कर बुझाउने करदातालाई १० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । असोज मसान्तभित्र बक्यौता कर चुक्ता गर्ने करदातालाई जरिवाना मिनाहा दिने कार्यक्रम समेत सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । आवासीय प्रयोजनका लागि बहालमा लगाइएका घरजग्गाको बहाल आम्दानी वार्षिक २ लाख ४० हजारभन्दा कम भएमा ५ प्रतिशत र सो भन्दा बढी बहाल आम्दानी हुने आवासीय प्रयोजनका लागि बहाल कर साविकको १० प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ ।

साथै करप्रतिको अपनत्व र विश्वास अभिवृद्धि गर्न केही शिर्षकमा सिफारिस दस्तुर निशुल्क गरिएको छ । कर विश्लेषण र करको दायरा वृद्धि गर्न विज्ञ सहितको सरोकारवाला निकायसँग सहकार्य गर्ने कार्यक्रमहरु प्रस्ताव गरिएको छ । कारदातालाई वस्तुगत संघहरुसंग आवद्ध गरी दायरा फराकिलो वनाउन प्रस्ताव गरिएको छ ।

**नगर सभाका सदस्यज्यूहरु,**

**अन्त्यमा**

काठमाडौं महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को लागि यस गरिमामय सभामा प्रस्तुत भएको कार्यक्रम तथा बजेटले महानगर क्षेत्रको समग्र विकासमा योगदान पुग्ने विश्वास गरिएको छ । यसका लागि सवै वर्ग, समुदाय, नगरसभाका सदस्य, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार सवै एकजुट भएर सक्रिय हुनुपर्ने देखिएको छ । आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन शतप्रतिशत भई अपेक्षित नतिजा हासिल गर्ने अपेक्षा गरिएको छ । उपस्थित नगरसभाका सदस्यज्यूहरु नीति, कार्यक्रम तथा बजेट वनाउन अहोरात्र खटिनु हुने स्रोत अनुमान समितिका पदाधिकारी तथा विषयविज्ञ सदस्यहरु, वजेट तर्जुमा समितिका सम्पूर्ण सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

साथै, काठमाडौंलाई स्वच्छ, सफा, हरियाली, सुरक्षित साँस्कृतिक र जीवन्त सहरको रुपमा विकास गर्ने हाम्रो मूल उद्धेश्य साकार पार्नका लागि सम्पूर्ण महानगरबासी, जनप्रतिनिधि, कर्मचारी, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी,गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरु, सञ्चार जगतप्रति हार्दिक अपील गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु ।

धन्यवाद ।

सुनिता डंगोल
कार्यवाहक प्रमुख
काठमाडौं महानगरपालिका ।

**मिति २०८३ असार ४ गते विहिवार**
**नेपाल सम्वत, ११४६ तक्षलाथ्व चौथि**